सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५९६०२
फोन नं. : ०१-४२४८२५१
web: www.supremecourt.gov.np
email:jed@supremecourt.gov.np

प.सं. ०७८।०७९
च.नं. ११२

मितिः२०७८।०७।११

श्री जिल्ला अदालत (सबै)।

**विषयः फैसला कार्यान्वयन सम्बन्धी परिपत्र ।**

प्रस्तुत विषयमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को लक्ष्य १: छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन, रणनीतिक उद्देश्यः १.५ मा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने उल्लेख भई सो कार्यलाई विभिन्न उदेश्यहरु र क्रियाकलापहरु मार्फत दिशा निर्देश गरिएको विषय सर्वविदितै छ । सोहि बमोजिम सम्पन्न गर्नु पर्ने महाशाखागत कृयाकलापहरुलाई समेटी सर्वोच्च अदालतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजना लागू भएको सन्दर्भमा कार्ययोजना कार्यान्वयन गरी निर्दिष्ट समयमा तोकिएका उद्देश्य एवम् लक्ष्यहरु हासिल गरी फैसला कार्यान्वयनको कार्यलाई थप प्रभावकारी बनाउने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन मिति २०७८।०७ । ११ को निर्णय अनुसार अनुरोध छ ।

**देहायः**

१. देवानी मुद्दाको फैसला कार्यान्वयन सम्बन्धी निवेदन वा अन्तिम कायम भएको लगत (मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २३१ बमोजिम स्थगित भएका बाहेक) पक्षहरु अदालतमा हाजिर भएको ६ महिना भित्र फछ्यौंट गर्ने व्यवस्था गर्नु हुन,

२. फौजदारी मुद्दाको अन्तिम फैसलाले कायम भएको (मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५३ (१) बमोजिम स्थगित रहेको बाहेक) नीजी विगो र क्षतिपुर्ति सम्बन्धमा भरिभराउको कारबाही शुरु भएको वा पक्षको निवेदन परेको मितिले ६ महिनाभित्र फछ्यौंट गर्ने प्रबन्ध मिलाउनु हुन,

३. पीडितले पाउनु पर्ने क्षतिपुर्ति फैसला भएको ६ महिनाभित्र प्रतिवादीले नबुझाएमा मुलुकी फौजदारी कार्याविधि संहिताको दफा १६५(२) को प्रयोजनार्थ ईजलास समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु हुन,

सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय
२०६६

बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५९६०२
फोन नं. : ०१-४२४८२५१
web: www.supremecourt.gov.np
email:jed@supremecourt.gov.np

प.सं.
च.नं.

४. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५३(३) बमोजिम कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसुरदारलाई तत्काल कैदमा पठाउनु पर्ने भन्ने व्यवस्था बमोजिम गर्नु गराउनु हुन,

५. फौजदारी मुद्दाको अन्तिम फैसलाले कायम भएको कैद जरिवाना र सरकारी विगोमध्ये कम्तिमा प्रत्येक वर्ष कायम हुने लगत बराबर असूल गर्ने गरी न्यायपालिकाको चौथो मूल योजना बमोजिम आवश्यक व्यवस्था गर्नु हुन,

६. जिल्ला अदालत नियमावली, २०७५ को नियम ११(३) बमोजिम जिल्ला अदालतमा श्रेस्तेदार पछिको न्याय सेवाको बरिष्ठतम् कर्मचारीलाई तहसिलदारको अनुपस्थितिमा तहसिल तर्फको जिम्मेवारी तोक्दा तहसिलदारको अनुपस्थितमा एकै पटक नतोकी प्रत्येक पटक तोक्ने व्यवस्था मिलाउनु हुन।

७. अभियोगपत्रमा चल अचल सम्पति जफतको मागदावी लिई दर्ता भएका भ्रष्टाचार, सम्पति शुद्धीकरण, बैंकिङ कसूर, लागू औषध लगायत जुनसुकै प्रकारका सम्बद्ध अपराध (Predicate Crime) का मुद्दामा जफत भएका सम्पति प्रचलित कानून अनुसार सजायकै परिभाषाभित्र पर्ने हुँदा सरकारी स्वामित्वमा ल्याउने प्रयोजनका लागि सम्पति जफत तर्फको छुट्टै लगत अभिलेख राख्ने सम्बन्धमा मिति २०७७।११।१३ मा भएको परिपत्रको बुँदा नं ३ बमोजिम गर्ने प्रबन्ध गर्नु हुन,

८. फैसलाले आजिवन काराबास हुने ठहरेको व्यक्तिको कैद गणना गरी लगत कस्न समस्या रहेकाले मुद्दा र प्रतिवादीको विवरणको आधारमा लगत अभिलेख राख्ने व्यवस्था गर्नु हुन साथै फैसला कार्यन्वयन निर्देशनालयमा पठाउने मसिक तथा वार्षिक प्रतिवेदनमा त्यस्ता मुद्दाको विवरणसमेत कैफियतमा जनाई/ उल्लेख गरी पठाउने प्रबन्ध गर्नु हुन,

९. फैसला कार्यान्वयन तर्फको प्रभावकारी सञ्चारलाई अभिबृद्धी गर्न निर्देशनालयबाट प्रदान गरिएको मोबाईल नं अनिवार्य रुपमा संचालनमा ल्याउने( सर्वोच्च अदालतको मिति २०७७।१०।०५ को परिपत्रको बुँदा नं ९ सँग सम्बन्धित) साथै सबै अलालतहरुले उक्त सम्पर्क नं आफ्नो वेवसाईटमा सार्वजनिक गर्ने प्रवन्ध गराउनु हुन,

१०. फैसला कार्यान्वयन सम्बन्धमा पुर्व प्रेषित परिपत्रहरु एवं मिति २०७७।१०।०५ को परिपत्र बमोजिमका कार्य गर्ने प्रबन्ध गर्नु गराउनु हुन।

२०७८।०६।११

मन्जु कुमारी ओझा
शाखा अधिकृत